जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"
शुभआरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक
वर्ष ५ | अंक २४० | २०८२ साल बैशाख ०२ गते बुधवार | Wednesday-15-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# घुमुवा संयन्त्रमै शंकाः पर्साका ग्रामीण नाकामा तस्करी 'संरक्षित' जस्तै, स्थानीय आक्रोशित

***शु.आ. सम्बाददाता***
***पर्सा, ०१ बैशाख***



नेपाल-भारत सीमावर्ती पर्सा जिल्लाका ग्रामीण नाकाहरूमा तस्करी नियन्त्रणभन्दा बाहिर जान थालेको भन्दै स्थानीय स्तरमा तीव्र असन्तुष्टि बढेको छ। विशेषगरी भिस्वा, सबैठवा र अमरपट्टि नाकाबाट खुलेआम अवैध कारोबार भइरहेको आरोप लाग्दै जाँदा 'सूचना संकलन र अपराध नियन्त्रण'का लागि खटाइने घुमुवा संयन्त्रकै भूमिकामाथि गम्भीर प्रश्न उठ्न थालेका छन् ।

स्थानीय बासिन्दा र सरोकारवालाहरूका अनुसार सीमा क्षेत्रमा खटिएका केही घुमुवाहरू नै आर्थिक लेनदेनमा केन्द्रित हुँदा तस्करी नियन्त्रण प्रभावहीन बनेको छ। "तस्करी रोक्ने संयन्त्र नै संलग्न देखिँदा अवस्था झन् भयावह बन्दै गएको छ," एक स्थानीयले गुनासो गरे ।

भिस्वा र सबैठवा नाका हुँदै दैनिक रूपमा कपडा तथा अन्य उपभोग्य सामग्रीको अवैध ओसारपसार भइरहेको स्थानीयको दाबी छ। स्रोतका अनुसार तस्कर समूहले दर्जनौं मोटरसाइकल प्रयोग गरी सामान भित्र्याउने गरेका छन् । अमरपट्टि नाका हुँदै भित्रिने कपडा बाराको जितपुरसम्म सहजै पुग्ने गरेको तथ्यसमेत बाहिरिएको छ ।

यस्तो गतिविधि नियन्त्रणका लागि सरकारी तहबाट पटक-पटक निर्देशन आए पनि कार्यान्वयनमा कमजोरी देखिएको आरोप छ। केही स्थानीयले प्रहरीकै संलग्नता वा मिलेमतोबिनै यति व्यवस्थित रूपमा तस्करी सम्भव नहुने तर्क गर्दै निष्पक्ष छानबिनको माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालयबाट परिचालित घुमुवा (सादा पोशाकमा खटिने प्रहरी) ले आफ्नो मूल जिम्मेवारीभन्दा बाहिर गएर आर्थिक लेनदेनमा ध्यान दिएको आरोप बारम्बार दोहोरिएको छ । सूचनाको आधारमा अपराध नियन्त्रण गर्ने उद्देश्य बोकेको यो संयन्त्र प्रभावकारी नहुँदा सीमा क्षेत्रमा अवैध गतिविधि झन् मौलाएको सरोकारवालाहरू बताउँछन् ।

स्थानीय बासिन्दाहरूले गृहमन्त्रालय तथा उच्च सुरक्षा निकायलाई तत्काल हस्तक्षेप गर्न आग्रह गरेका छन् । घुमुवा संयन्त्रको व्यापक छानबिन, तस्कर गिरोहको पहिचान तथा संलग्न जो-कोहीमाथि कडा कारबाही हुनुपर्ने माग उठेको छ ।

"यदि अहिले नै कडा कदम चालिएन भने पर्साका ग्रामीण क्षेत्र तस्करीको सुरक्षित ट्रान्जिट केन्द्रमा रूपान्तरण हुने खतरा छ," एक स्थानीय अगुवाले चेतावनी दिए ।

सीमा क्षेत्रमा कानून कार्यान्वयन कमजोर बन्दै जाँदा राज्यप्रतिको जनविश्वाससमेत प्रभावित हुने चिन्ता व्यक्त गरिएको छ । पारदर्शिता, जवाफदेहिता र कडाइका साथ कानुन कार्यान्वयन नगरेसम्म यस्तो समस्या दोहोरिइरहने विश्लेषकहरूको भनाइ छ । सरकारले प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरी जिम्मेवार निकायलाई उत्तरदायी बनाउनेतर्फ ठोस कदम चाल्नुपर्ने माग स्थानीयस्तरबाट जोडतोडका साथ उठिरहेको छ ।

# प्रभु साह सहभागी "युवाका साथ नयाँ वर्ष" कार्यक्रम सरमुजवामा भव्य

***रूपेश यादव***
***रौतहट, ०१ बैशाख***




नव वर्ष २०८३ को अवसरमा रौतहटको बौद्धीमाई नगरपालिका-स्थित सरमुजवाको गुजरा माई पिकनिक स्थलमा "युवाका साथ नयाँ वर्ष" विशेष शुभकामना आदानप्रदान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । स्थानीय युवाहरूको पहलमा आयोजित कार्यक्रममा उल्लेख्य जनसहभागिता देखिएको थियो ।

कार्यक्रममा प्रभु साह प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । उहाँले युवाहरू राष्ट्र निर्माणका मेरुदण्ड भएको उल्लेख गर्दै संगठित रूपमा अघि बढेर विकास र समृद्धिको अभियानमा सक्रिय हुन आग्रह गर्नुभयो । "देशको भविष्य युवाको हातमा छ, त्यसैले सकारात्मक सोच र कर्ममार्फत समाज परिवर्तन सम्भव छ," उहाँले भन्नुभयो ।

कार्यक्रममा सहभागी युवाहरूले गीत-संगीत, नाचगान तथा आपसी शुभकामना आदानप्रदान गर्दै नयाँ वर्षलाई उल्लासमय बनाएका थिए । आयोजकका अनुसार यस्तो कार्यक्रमले युवाबीच एकता, सहकार्य र सकारात्मक ऊर्जा अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

यसैबीच, आम जनता पार्टीका सचिवालय सदस्य रामशरण यादवका अनुसार प्रमुख अतिथि साह पछिल्ला दिनहरूमा पर्सा, बारा र रौतहटका विभिन्न पालिकामा कार्यकर्तासँग भेटघाट तथा संगठन सुदृढीकरणमा सक्रिय रहनुभएको छ।

कार्यक्रमको समापनमा सहभागीहरूले नयाँ वर्ष २०८३ ले देशमा शान्ति, समृद्धि र विकासको नयाँ सम्भावना ल्याओस् भन्ने कामना व्यक्त गरेका थिए ।

# विद्युत सर्टका कारण भीषण आगलागी, तीन घर पूर्ण रुपमा नष्ट

***पर्सा, ०१ बैशाख***




सखुवाप्रसौनी गाउँपालिका-५ स्थित महुवनटोलमा सोमबार राति विद्युत सर्ट भई भीषण आगलागी हुँदा तीन वटा घर जलेर पूर्ण रूपमा नष्ट भएका छन् । प्राप्त जानकारीअनुसार राति करिब ११:४५ बजे स्थानीय संजय राम र मन्जय रामको घरबाट सुरु भएको आगोले छिमेकीका घरहरूलाई समेत चपेटामा लिएको थियो । प्रहरी चौकी महुवनका अनुसार अचानक सल्किएको आगोले घरभित्र रहेका सम्पूर्ण खाद्यान्न, लत्ताकपडा तथा महत्त्वपूर्ण कागजातहरू खरानी बनाएको छ । आगलागीका कारण घरभित्र राखिएका गरगहना, अन्नबाली (धान र गहुँ), फर्निचर, फ्रिज, ग्यास सिलिन्डर, विद्युत सामग्री तथा मोबाइललगायतका जिन्सी सामानहरू पूर्ण रूपमा नष्ट भएका छन् । त्यस्तै, गोठमा रहेका दुई वटा बाख्रा, एउटा मोटरसाइकल र घरमा राखिएको नगद रु. ३ लाख ५० हजारसमेत जलेर नष्ट भएको प्रहरीले जनाएको छ । घटनाको जानकारी पाएलगत्तै सखुवाप्रसौनी गाउँपालिका र पोखरिया नगरपालिका का दमकलसहित स्थानीय बासिन्दा र प्रहरी टोली घटनास्थलमा पुगेका थिए । संयुक्त प्रयासमा राति करिब १२:४५ बजेतिर आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको थियो। इलाका प्रहरी कार्यालय पोखरिया का अनुसार आगलागीबाट करिब रु. १६ लाख ९८ हजार बराबरको आर्थिक क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । घटनामा कुनै मानवीय क्षति नभए पनि पीडित परिवारहरू घरबारविहीन भई विचल्लीमा परेका छन्। स्थानीयवासीले विद्युत संरचनाको नियमित मर्मतसम्भार तथा सचेतना अभावका कारण यस्ता घटना दोहोरिने गरेको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । साथै, पीडित परिवारलाई तत्काल राहत तथा पुनःस्थापनाको व्यवस्था गर्न माग गरिएको छ ।

# नयाँ वर्ष २०८३ को पहिलो दिनः पिकनिक र वनभोजमा रमायो देशभर

***शु.आ. सम्बाददाता***
***बारा, ०१ बैशाख***




विक्रम संवत् २०८३ को पहिलो दिन मंगलबार देशभरका विभिन्न स्थानमा उत्साह, उमंग र उल्लासका साथ मनाइएको छ । नयाँ वर्षको स्वागत गर्न सर्वसाधारण बिहानैदेखि परिवार, साथीभाइ र आफन्तसँग पिकनिक तथा वनभोजमा व्यस्त देखिएका थिए ।

मधेस प्रदेशका पर्यटकीय तथा धार्मिक स्थलहरूमा आन्तरिक तथा बाह्य पर्यटकको उल्लेख्य भीड देखिएको छ । बाराको सिम्रौनगढ, गढीमाई मन्दिर, काटकाट क्षेत्र तथा निजगढ पार्कमा दिनभर चहलपहल बढेको थियो । त्यस्तै रौतहटको नुनथर र पर्साको ठोरीमा पनि नयाँ वर्ष मनाउन आउनेहरूको घुइँचो लागेको थियो ।

विशेषगरी हरियाली, खुला वातावरण र मनोरम दृश्यले भरिपूर्ण स्थानहरूमा युवायुवती, परिवार र समूहहरू गीत-संगीत, नाचगान तथा विभिन्न खेलकुद गतिविधिमा रमाइरहेका देखिन्थे । कतिपय स्थानमा स्थानीय होटल तथा रेस्टुरेन्टहरू पनि भरिभराउ भएका थिए भने अस्थायी स्टलहरूमा खानपानको राम्रो व्यापार भएको व्यवसायीहरूले बताएका छन् ।

सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै स्थानीय प्रशासन तथा सुरक्षाकर्मीहरू विभिन्न पर्यटकीय स्थलहरूमा परिचालन गरिएको थियो । सम्भावित भीडभाड र दुर्घटना न्यूनीकरण गर्न ट्राफिक व्यवस्थापनलाई समेत कडाइका साथ लागू गरिएको प्रहरीले जनाएको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**सुरक्षित पर्यावरणको माध्यमबाट किराको ब्यस्थापन गरौं ।**
**आफ्नो स्वस्थ्य बचाउ ।**
**उत्पादन बढाउ ।।**
**कृषि, पशुपन्छी तथा सहकारी शाखा**
**फेटा गाउँपालिका, फेटा, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# नयाँ वर्ष, नयाँ आशा

३० औं वर्षदेखि नेपाली जनतामा थिग्रिएर बसेको आक्रोशलाई विस्फोट गर्दै २०८२ साल बिदा भएको छ । सँगसँगै वर्ष ८२ ले नयाँ आशाका साथ ठूलै राजनीतिक परिवर्तनसमेत गराएको छ । यसपटक शान्तिपूर्ण मतदानकै माध्यमबाट नयाँ शक्तिलाई सत्तामा पुर्‍यायो । जसरी नेपालको राजनीतिक इतिहासमा २००७, ०३६, ०४६ र २०६२/०६३ खासखास कोसेढुंगा हुन्, ८२ साल पनि त्यही कोटीमा सूचीकृत भएको छ । वर्षहरु सबै सम्झनलायक नहुन सक्छन् तर ८२ साल इतिहासले बिर्सन नसक्ने समय हो ।

नवपुस्ता अर्थात् जेन-जीले गरेको आन्दोलनले दुईतिहाइ बहुमतको सरकार ढलायो र त्यसपछिको निर्वाचनबाट झन्डै दुईतिहाइकै बहुमतको नयाँ पार्टी सत्तामा पुग्यो । भदौ २३, २४ को आन्दोलनले केवल सत्ता परिवर्तन गरे पनि राजनीतिक व्यवस्था भने यथावत् राख्यो, यो विरोधाभास विस्मयकारी छ । तर, सुखद छ । किनभने, २०७२ को नेपालको संविधान नेपाली जनताले ७० वर्ष लामो संघर्षमा प्राप्त गरेका थिए । त्यो जोगिनु र केवल सत्ताबाट पुराना विस्थापित भएर नयाँ आउनु जनताकै चाहनाबमोजिम थियो । वर्ष २०८२ ले नेपाली राजनीतिमा थुप्रिएको दुर्गन्धित फोहोर बगायो । अर्थात् पुराना पार्टीहरुले राजनीतिक आस्था, निष्ठा, सिद्धान्तलाई लगभग तिलाञ्जली दिएका थिए र सत्ताका लागि जोसँग र जस्तो पनि सौदाबाजी गर्ने विकृति स्थापित गरेका थिए । २०४६ देखि सत्तामा राइँदाइँ गर्न 'राजनीतिमा जे पनि जायज' को भाष्य स्थापित गर्नेहरुबाट जनता आजित थिए । उनीहरुले गरेको 'विकास र समृद्धि'लाई तिनकै अनैतिक राजनीतिले छोपेको थियो । वर्ष ८२ ले दिएको पाठ भनेको जनता विकासमात्रै चाहँदैनन्, शासनमा पारदर्शिता र दल तथा नेताहरुमा नैतिकता पनि चाहन्छन् भन्ने हो । तर, आन्दोलनका नाममा राज्यका प्रमुख केन्द्रहरुलाई खरानी बनाउने साह्रै नमिठो अनुभव पनि वर्ष ८२ ले दिएर गएको छ । यसको हिसाबकिताब पनि समयक्रममा इतिहासले खोज्ने नै छ ।

खरबारीमा डढेलो लाग्यो भने फेरि नयाँ पलाउने र झन् मौलाउने सम्भावना हुन्छ । नेपाली जनताले ८२ मा भएको विध्वंस र त्यसको खरानीबाट नेपाल नयाँ रुपमा उदाउने अपेक्षा गरेका छन्, त्यसैका लागि पुरानाको सट्टा नयाँ राजनीतिक शक्तिलाई देशको कार्यभार सुम्पिएका छन् । आजदेखि सुरू भएको नयाँ वर्षमा त्यसको छनकमात्रै होइन, अनुभव गर्न नेपाली जनताले पाउनुपर्छ । बहुमतको आडमा सत्तामा मैमत्त हुँदा पुराना दलले जसरी जनतामाथि कुशासनमात्रै चलाए, त्यस्तो नहोस् भन्ने सतत कामना नयाँ वर्षको उपलक्ष्यमा हामी पनि गर्छौं । तर, सरकार गठनको सुरूमै प्रतिशोधात्मक देखिएर सरकारले विधिको शासनलाई नजर अन्दाज गरेको प्रतीत भइसकेको छ । धन्न लोकतन्त्र जीवित र स्वतन्त्र न्यायपालिका अझै धरमराइसकेको छैन । तर, न्यायपालिकाभन्दा अघि नै न्यायको प्रत्याभूति दिने मूल धर्म नै सरकारको हो । त्यसमा आउँदा दिनमा नयाँ सरकार चुक्नु हुन्न । प्रतिशोधको होइन, संयम र सहकार्यको राजनीतिबाट मात्रै शान्ति आउँछ । संविधान संशोधनलगायत उसैका प्रमुख मुद्दाहरुलाई टुंगोमा पुर्‍याउन पुराना दलहरुसँग पनि सहकार्य नगरी धरै छैन । त्यो प्राविधिक कुरामात्रै होइन, संविधान संशोधनलाई नागरिक स्तरबाट समेत स्वीकार्य हुने गरी बृहत् छलफल र बहसबाट मात्रै टुंग्याइनुपर्छ । यसमा सरकारले धेरै जोसभन्दा बढी होस् पुर्‍याउनु आवश्यक छ ।

नयाँ सरकारले नयाँ वर्ष लाग्नु पात्रो फेरिनुमात्रै नभई चरित्र र प्रवृत्तिमा परिवर्तन पनि हो भन्ने सन्देश दिन सक्नुपर्छ । बेथिति सरकारी निकायका विन्दु विन्दुमा छन् । समाज नै एक किसिमले भ्रष्ट संस्कृतिले जकडिएको छ । तसर्थ, बडो विचार पुर्‍याएर संयमतापूर्वक विधिको शासन चलाउनुपर्छ । पारदर्शितासहित लोकतान्त्रिक शैलीबाट अगाडि बढ्दामात्रै सरकार सफल हुन्छ । बहुमतको आडमा सरकारमा बसिरहन सकिन्छ तर जनताको मत जित्न भने जनउत्तरदायी सुशासन नै चाहिन्छ । शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा राज्यले दायित्व निर्वाह गरोस् भन्ने जनचाहना छ । तर, सँगसँगै निजी क्षेत्रका लागि अरु सबै ढोका खुला भएनन् भने अर्थतन्त्र शिथिलमात्रै होइन, पूरै कमजोर बन्छ । नयाँ वर्ष सरकारले उद्यम, व्यवसाय क्षेत्रलाई उकास्ने विश्वासको वातावरण बनाउने वर्ष २०८३ हुनुपर्छ । सँगसँगै जनतालाई सुशासनबाट सेवाको प्रत्याभूति वर्षको सुरूदेखि नै होस् र सधैं निरन्तर रहोस् । सरकार र सबै नेपाली जनतालाई सुशासन र समृद्धिको यात्राका लागि नयाँ वर्षको शुभकामना ।

# खाडी राष्ट्रमाथि बढ्दो निर्भरता



**हरि रोका**

के 'साइलेन्ट कूटनीति'ले हाम्रो असंलग्नता र विश्व शान्तिको जिम्मेवारी पूरा हुन्छ ?

कथा पुरानो युद्धको हो । सन् १९६४ मा तत्कालीन अमेरिकी राष्ट्रपति लिन्डन जोन्सनले भियतनाम, लाओस र कम्बोडिया (जसलाई त्यतिबेला 'इन्डोचाइना' भनेर चिनिन्थ्यो)मा एकमुष्ट युद्ध गर्न चाहे र उनले स्वीकृतिका लागि अमेरिकी सिनेटमा प्रस्ताव पठाए । दुईजना बाहेक सबै सिनेटरले स्वीकृति दिए । त्यसबेला ७७ प्रतिशत अमेरिकीले सरकारी निर्णयलाई अनुमोदन गरेका थिए । सन् १९६९ मा ५ लाख ५० हजार अमेरिकी सेना इन्डो-चाइनामा उतारियो । तर, युद्ध टुंगिन दशकौं लाग्यो । अर्बौं डलर खर्च भयो, हजारौं मारिए र अन्ततः अमेरिकाले युद्ध हार्‍यो ।

पछिल्लो समय सन् २००१ मा न्युयोर्कको'ट्विन टावर' र पेन्टागन आक्रमणको जिम्मेवारी इराकी तानाशाह सद्दाम हुसेनको थाप्लोमा भिराइयो र सन् २००३ मा इराकमाथि आक्रमण गरियो । त्यसबेला पनि ७४ प्रतिशत अमेरिकीले जर्ज बुस जुनियरलाई समर्थन जनाएका थिए । युद्धमा १ लाख ८० हजार अमेरिकी सेना उतारियो । तर, झन्डै ६ हप्तादेखि इजरायलसँग मिलेर इरानमाथि थोपरिएको युद्धलाई भने जम्मा १७ प्रतिशत अमेरिकी जनताले मात्र रुचाएको देखिन्छ । हाल ५० हजार अमेरिकी सेना इरानका छिमेकी मुलुकहरूमा तैनाथ गरिएका छन् ( सालार मोहनदेशी तथा बेन मावी अर्थात् मार्च २९, २०२६- अमेरिकन्स डन्ट वान्ट दिस वार, गार्जियन) । ४० दिन लामो युद्धपछि युद्धविराम गरिए तापनि पाकिस्तानमा भएको इरान-अमेरिका वार्ता (११-१२ अप्रिल) सफल नभएको न्युयोर्क टाइम्सका टेलर पेगर र डेभिड सांगरले जनाएका छन् । युद्धमा हताहती तथा पूर्वाधार क्षति : इरानमाथि इजरायली तथा अमेरिकी युद्ध सन् २०२६ फेब्रुअरी २८ बाट सुरु गरिएको थियो, जुन तत्कालै लेबनानमा विस्तार भयो । इजरायल र अमेरिकाले सैन्य सामग्री उत्पादन गर्ने फ्याक्ट्रीहरूलाई निसाना बनाए । त्यसपछि देशभर रहेका मुख्य सैन्य छाउनीहरूमा आक्रमण गरियो । राजधानी तेहरानमा रहेका नेताहरूका आवासलाई 'टार्गेट' गरियो । इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनी (जसले सन् १९८९ देखि देशको नेतृत्व गरिरहेका थिए) यही आक्रमणमा परेर मारिए । त्यसपछि पनि सुरक्षा प्रमुख अली लरिजानी, इन्टेलिजेन्स मन्त्री इस्माइल खातिब, अर्धसैनिक बलका प्रमुख घोलमेर्जा सोलेमानीलगायत दर्जन बढी इरानी राजनीतिज्ञ तथा सुरक्षा अधिकारीहरू मारिए ।

त्यसरी आक्रमण भएपछि इरानले पनि ड्रोन र रकेटहरू मार्फत इजरायललगायत आफ्ना छिमेकी मुलुकहरूमा अवस्थित अमेरिकी सैन्य अखडाहरूमा प्रत्याक्रमण गर्‍यो । यो युद्धमा सबैभन्दा बढी मारिनेमा इरानीहरू छन् । रोयटर्स समाचार संस्थाका अनुसार, इरानमा ३ हजार ५ सय ४६ व्यक्ति मारिएका छन् भने २० हजार घाइते भएका छन् । मारिनेमध्ये १ हजार ६ सय ६ आम नागरिक र २ सय ४४ बालबालिका छन् । दोस्रो नम्बरमा इजरायलको छिमेकी लेबनान छ, जहाँ १ हजार ४ सय ९७ जना मारिएका छन । तीमध्ये १ सय २९ बालबालिका र १० सैनिकबाहेक अरू सबै सर्वसाधारण हुन् । त्यहाँ १२ लाख मानिस विस्थापित भएका छन् । त्यसैगरी, इराकमा १०८, यूएईमा १३, कुवेतमा ७, सिरियामा ४, साउदी, ओमान र बहराइनमा दुई-दुई जना, आक्रमणकारी इजरायलमा २३ र अमेरिकाका १३ जना मारिएको तथ्यांक छ ।

युद्धका क्रममा इरान र अमेरिकाले इरानी अर्थतन्त्रको 'लाइफलाइन' मानिने 'खर्ग टापु'मा अवस्थित खनिज तेल तथा ग्यास आपूर्ति केन्द्र ध्वस्त पारे । त्यसैगरी संसारकै ठूलो मानिने 'साउथ पार्स' भनिने प्राकृतिक ग्यास उत्पादन क्षेत्रमाथि समेत मिसाइल आक्रमण गरियो ।लर्गी

युद्धविराम र दसबुँदे प्रस्ताव : पाकिस्तानले युद्धविरामका लागि प्रयत्न गर्‍यो । यस सम्झौतामा चिनियाँ पक्षको पनि बाक्लो संलग्नता रहेको विवरण बाहिरिएको छ । अमेरिकाभित्र भइरहेको जनविरोध र मध्यावधि निर्वाचनको दबाब थेग्न राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले पठाएको दसबुँदे शान्ति प्रस्तावमाथि काम गर्न सकिने सहमति जनाएका थिए । सोही कारण युद्धविराम सुरु भएको थियो । इरानी राज्य मिडियाका अनुसार ( जोनाथन येरुसाल्मी, अप्रिल ८, २०२६, द गार्जियन) ती १० बुँदा निम्नानुसार छन् :-

१. आक्रमणको तत्काल अन्त्य ।
२. स्थायी रूपमै युद्धको अन्त्य ।
३. हर्मुज जलडमरुमाथि इरानको पूर्ण नियन्त्रण रहने ।
४. जलमार्ग प्रयोग गरेबापत २ मिलियन डलर पारगमन शुल्क लिन पाउने र ओमानसँग बाँडफाँट गरिने ।
५. पुनर्निर्माण कोष बनाएर क्षतिग्रस्त पुल, पावर प्लान्ट र पूर्वाधार विकासमा खर्च गर्ने ।
६. अमेरिकाले इरानमाथि लगाएका प्राथमिक तथा मध्यम किसिमका आर्थिक प्रतिबन्धहरू हटाउनुपर्ने ।
७. युरेनियम प्रशोधनलाई शान्तिपूर्ण कार्यका लागि मान्यता दिनुपर्ने ।
८. इरानका मित्रशक्ति राष्ट्रहरूमाथि आक्रमण बन्द गरिनुपर्ने ।
९. विदेशी बैंक तथा वित्तीय संस्थाहरूमा रोक्का गरिएको सम्पत्ति फुक्का गरिनुपर्ने ।
१०. संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मार्फत अनुमोदन गराई यसलाई कानुनी रूपमा बाध्यकारी बनाइनुपर्ने ।

हर्मुज जलडमरुमाथिको नियन्त्रण र इरानले उठाउने शुल्कबारे ट्रम्पको व्यापक आलोचना भएकाले अप्रिल ११-१२ मा सम्पन्न २१ घण्टा लामो वार्ता सफल हुन सकेन । युद्ध विस्तार हुने सम्भावनाले चिन्तित विश्व पुनः एक पटक निराश हुन पुगेको छ ।

इन्धनमाथिको निर्भरता र एसियाली संकट : यो युद्धले विश्व र खासगरी एसियाली क्षेत्रलाई गम्भीर प्रभाव पारेको छ । युद्ध सुरु भएयता अमेरिकी राष्ट्रपति ट्रम्पले इरानलाई आधा दर्जनभन्दा बढी पटक धम्की दिए । अप्रिल ७ (२४ चैत, २०८२) सम्ममा हर्मुज जलडमरु पूर्ण रूपमा सुचारु नगरिए इरानको जीवन पद्धति तहसनहस पारिने, सभ्यता मेटिने गरी आक्रमण गरिने र इरानलाई 'ढुंगेयुग'मा फर्काइने अभिव्यक्ति दिए । तर, इरानले यस्तो धम्की स्वीकार गरेन । हर्मुज जलडमरु भएर गरिने इन्धन आपूर्ति विश्वको कुल आपूर्तिको झन्डै २० प्रतिशत छ । यो युद्धले पेट्रोलियम तथा ग्यास आपूर्ति शृंखलामात्र बिगारेको छैन, विश्व अर्थतन्त्र नै डावाडोल हुने खतरा बढेको छ । इरानविरुद्ध थोपरिएको युद्धमा यतिबेला हर्मुज जलडमरुमाथिको नियन्त्रण निर्णायक साबित भएको छ । सन् २०२५ को तथ्यांकअनुसार हर्मुज जलडमरु भएर प्रतिदिन लगभग २० मिलियन ब्यारेल खनिज तेल तथा तेलजन्य पदार्थ आपूर्ति भएको थियो, जसको वार्षिक कारोबार ६०० अर्ब डलरबराबर हुन्छ । यो बाटो भएर साउदी अरब, युनाइटेड अरब इमिरेट्स (यूएई), कुवेत, कतार, इराक, बहराइन र इरानले उत्पादन गरेको तेल आपूर्ति हुने गर्छ र यसका मुख्य ग्राहक एसियाली मुलुकहरू नै हुन् । माथि उल्लेखित टेबलअनुसार सन् २०२५ मा साउदी अरबले सबैभन्दा बढी खनिज तेल, रिफाइन तेल तथा अन्य ५.२९ मिलियन ब्यारेल तेल निर्यात गरेको थियो । यद्यपि उस्ले यो बाटो भएर निर्यातित तेल उस्को कुल उत्पादनको ३७.२ प्रतिशतमात्र हो । उसलाई क्रमशः इराक, युनाइटेड अरब इमिरेट्स, इरान, कुवेत, कतारले पछ्याएका थिए । सउदी अरब र यूएईले त्यसका अतिरिक्त हसन-फुजारिया पाइपलाइन जोडेर रेड-सी पुर्‍याएका छन् र त्यस पाइपलाइनमार्फत आपूर्ति गर्ने गरेका छन् । यता सन् २०२५ मा चीनले आफ्नो कुल आयातको ३७.७ प्रतिशत ५.३५ मिलियन ब्यारेल प्रतिदिन भित्र्याउने गरेको थियो । भारतले १४.७ प्रतिशत अर्थात् २.०९ मिलियन ब्यारेल प्रतिदिन, अन्य एसियाली मुलुकहरूले १३.९ प्रतिशत अर्थात् १.९८ मिलियन ब्यारेल प्रतिदिन, कोरियाले १२ अर्थात् प्रतिशत अर्थात् १.७० मिलियन ब्यारेल, जापानले १०.९ प्रतिशत, अर्थात् १.५५ मिलियन ब्यारेल अन्य राष्ट्ले ३.८ प्रतिशत अर्थात् ०.५३ मिलियन ब्यारेल प्रतिदिन र अमेरिकाले २.५ प्रतिशत अर्थात् ०.३६ मिलियन ब्यारेल प्रतिदिन खनिज तेल आयात गरेका थिए ।

गैर-खनिज वस्तुमा खाडीको पकड : युक्रेन युद्धसँगै ग्यासको भाउ बढेको जगजाहेर छ । एसियाली मुलुकहरू नै खाडीको ग्यासका मुख्य खपतकर्ता हुन् । सन् २०२३ सम्म खाडी मुलुकले विश्वको कुल 'लिक्विफाइड नेचुरल ग्यास'को २० प्रतिशत उत्पादन गर्थे । गल्फ रिसर्च सेन्टरका अनुसार खाडीबाट उत्पादन हुने ७५ प्रतिशत तेल र ५९ प्रतिशत ग्यास हर्मुज जलडमरु भएरै एसिया पुग्छ । सन् २०१५ को तुलनामा चीनमा ग्यासको खपत ३५ प्रतिशत र भारत-कोरियामा ३० प्रतिशतले बढेको छ । इन्धनबाहेक अन्य अत्यावश्यक औद्योगिक वस्तुमा पनि खाडीमाथिको निर्भरता बढ्दो छ ।

नेपाली राज्यको निरीह कूटनीति : डिसेम्बर १४, १९६४ इरान र नेपालबीच दौत्य सम्बन्ध कायम भएको थियो । अहिले पनि कतारी राजदूतले इरानलाई हेर्ने व्यवस्था मिलाइएको छ । व्यापार, लगानी, पर्यटन, कृषि र शिक्षा क्षेत्रमा द्वि-पक्षीय सम्बन्ध छ पनि भन्ने गरिन्छ । तर जब-जब इजरायल र अमेरिकाले पालैपिच्छे इरानमाथि सैन्य हस्तक्षेप हुन थाल्छ नेपाल बोल्दैन । सन् १९५३ निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसादेगलाई कु-देतामार्फत हटाइँदा होस् या दोस्रो पटक अयातुल्ला खमेनीको नेतृत्वमा सन् १९७९ इस्लामिक क्रान्ति इरानमाथि लगाइएको आर्थिक नाकाबन्दी लगाइँदा । तेस्रो पटक फेब्रुअरी २८, २०२६ मा इरानी सुप्रिम लिडर अलि खमेनी यूएस-इजरायली हवाई आक्रमणमा मारिँदा होस् नेपाली राज्य चुइँक्क बोलेन । दौत्य सम्बन्ध भएको एसियाली मुलुकमाथि हमला हुँदा सुप्रिम लिडर मारिँदा किन बोलेन ? अनुमान यस्ता हुन सक्छन्- जस्तो

(१) अमेरिका र इजरायल नरिसाउन् भनेर, ताकि अमेरिका र इजरायलमा बस्ने नेपालीहरूको सुरक्षामा केही फरक नपरोस् भन्ने सरकार चाहन्छ ।
(२) इरान हाम्रा लागि रोजगारदाता मुलुक नभएर ।
(३) खाडीका अन्य मुलुक जहाँ अमेरिकाका सैन्य अखडा छन् र लगभग १९ लाख नेपाली श्रमिक ती विभिन्न मुलुकमा श्रम बेची रहेछन्, तिनलाई असर नपरोस् भनेर तर मुख खोलिएको छैन । हुन पनि सन् २०२६ को तथ्यांकअनुसार युनाइटेड अरब इमिरेट्समा ९ लाख १५ हजार श्रमिक काम गरिरहेछन् । कतारमा ३ लाख ५८ हजार, बहराइनमा लगभग ५० हजार, साउदी अरबमा लगभग ४ लाख र कुवेतमा १ लाख ७५ हजार नेपाली श्रमिक काम गरिरहेको आकलन छ ।
(४) २०८२ सालमा ३ लाख ९२ हजार ९ सयले वैदेशिक रोजगारीका लागि वर्क पर्मिट लिइसकेका थिए । दैनिक औसत १६ सय श्रमिक अर्थात् वार्षिक ५ लाख ५४ हजार तन्नेरी बाहिर जाने गरेका छन् र मुख्य गन्तव्य यूएई, साउदी, कतार र मलेसिया नै हुन् । त्यसैले पनि यी मुलुकको स्वार्थलाई ध्यान दिइयो भने मात्र हाम्रो श्रमिकको र समग्रमा राष्ट्रको हितमा नबोल्ने रणनीति (साइलेन्ट स्ट्राटेजी) ठीक रहन्छ भन्ने भन्ने हुन सक्छ ।

नेपालमा सबैभन्दा बढी आयात गरिने वस्तुमै गनिन्छ, पेट्रोलियम पदार्थ । खर्बौं रुपैयाँको कारोबार हुन्छ । हाल दैनिक २.५ मिलियन लिटर पेट्रोल, ५ मिलियन लिटर डिजेल, ७ सय किलोलिटर हवाई इन्धन, ४५ हजार टन खाना पकाउने ग्याँस आयात गर्ने गरेका छौं । र सन् २००२ देखि हाम्रो एकमात्र साहु भारतीय आयल निगम छ । जबकि भारत आफैं भने २२ प्रतिशत कच्चा तेल रुसबाट, २० प्रतिशत साउदी अरबबाट, १९ प्रतिशत इराकबाट, १० प्रतिशत यूएईबाट, ६ प्रतिशत ब्राजिलबाट, ४ प्रतिशत अमेरिकाबाट, ४ प्रतिशत नाइजेरियाबाट, र ३ प्रतिशत कुवेतवाट खरिद गर्ने गरेको छ । ३० देखि ३५ प्रतिशत ग्यास कतारबाट ल्याउने गरेको छ । उस्ले यस्तो विविधता अपनाइरहँदा हामीले भने भारतीय आयल निगमलाई एकाधिकार सुम्पिएर ऊमाथिको निर्भरता किन रोज्यौं ? यसको जवाफ विगतमा कुनै पनि सरकारले दिन जरुरी ठानेनन् । पछिल्लो समय संसद्मा यसबारे कुनै बहस र छलफल भएको सुनिएको छैन ।

निष्कर्ष र प्रश्नहरू : मुलुकमा नयाँ शक्तिशाली सरकार बनेको छ । नयाँ, नयाँ नीति, कार्यक्रमहरू अख्तियार गर्ने चर्चा सदन र सडकमा भइरहेका छन् । परराष्ट्र नीतिसम्बन्धी जानकारहरू सल्लाह दिन लाइनमा पनि होलान् । यद्यपि वर्तमान सन्दर्भमा केही सिद्धान्तगत, केही नीतिगत विषयमा सरकार स्पष्ट हुन जरुरी छ ।

१. 'नियममा आधारित विश्व व्यवस्था' नेपाली राज्यको वास्तविक चाहना हो कि होइन ?
२. मध्यपूर्वमा कार्यरत लाखौं श्रमिक, तिनको रेमिट्यान्स र असंलग्न परराष्ट्र नीतिबीच कसरी तादात्म्य मिलाउने ?
३. युद्धविराम भंग भएको अवस्थामा महँगी र बेरोजगारी बढ्ने निश्चित छ । यस्तोमा खनिज तेल र ग्यासको विकल्पबारे नेपालका योजना के छन् ?
४. के 'साइलेन्ट कूटनीति'ले हाम्रो असंलग्नता र विश्व शान्तिको जिम्मेवारी पूरा हुन्छ ?
५. भारतले जस्तै हामीले पनि स्रोतमा विविधता ल्याई आफ्नै तेल प्रशोधन केन्द्र र लुब्रिकेन्ट उत्पादन गर्ने हैसियत निर्माण गर्ने कि नगर्ने ?
६. दुई ठूला मुलुकको बीचमा रहेर स्वतन्त्र परराष्ट्र नीति अपनाउन मुलुकभित्रै रोजगारी सिर्जना गरी स्वाधीन अर्थतन्त्र निर्माण गर्नेतर्फ संरचनागत परिवर्तनको महसुस गर्ने कि नगर्ने ?

मध्यपूर्वमा कार्यरत लाखौं श्रमिक, तिनको रेमिट्यान्स र असंलग्न परराष्ट्र नीतिबीच कसरी तादात्म्य मिलाउने ?

'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिका–इरान वार्तामा गति, पाकिस्तानको नयाँ प्रस्ताव

***एजेन्सी-*** अमेरिका र इरानबीच जारी कूटनीतिक संवादले केही प्रगति गरेको संकेत देखिएपछि पाकिस्तानले दोस्रो चरणको वार्ताका लागि नयाँ प्रस्ताव अघि सारेको छ । क्षेत्रीय तनाव बढिरहेका बेला यस्तो पहललाई सम्भावित समाधानतर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ ।



अमेरिकी उपराष्ट्रपति जेडी भान्सले हालै इरानसँगको वार्तामा 'केही प्रगति' भएको बताएका थिए भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि 'अर्को पक्ष वार्ताका लागि इच्छुक रहेको' प्रतिक्रिया दिएका थिए । यही पृष्ठभूमिमा पाकिस्तानले इस्लामाबादमै अर्को चरणको वार्ता आयोजना गर्ने प्रस्ताव अघि सारेको हो ।

पाकिस्तानी अधिकारीहरूले नाम गोप्य राख्ने सर्तमा दिएको जानकारीअनुसार यो प्रस्ताव दुवै पक्षको सहमतिमा मात्र अघि बढ्नेछ। उनीहरूले एकपटकको वार्ताभन्दा निरन्तर कूटनीतिक प्रक्रियामार्फत समाधान खोज्नुपर्नेमा जोड दिएका छन् ।

यसैबीच, मध्यपूर्वमा तनाव थप चर्किने संकेत देखिएका छन् । लेबनानस्थित सशस्त्र समूह हिज्बुल्लाहका एक वरिष्ठ अधिकारीले अमेरिका-लेबनान-इजरायलबीच सुरु हुन लागेको वार्ताबाट हुने कुनै पनि सम्झौता नमान्ने चेतावनी दिएका छन् । यसले वासिङ्टनमा सुरु हुने प्रत्यक्ष लेबनान-इजरायल वार्तालाई चुनौतीपूर्ण बनाएको छ ।

लेबनानका अधिकारीहरू भने इजरायलसँगको युद्धविराम सम्भव बनाउन आशावादी देखिएका छन् । हालसम्म उक्त द्वन्द्वमा कम्तीमा दुई हजार ८९ जनाको ज्यान गएको बताइएको छ । तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तत्काल युद्धविरामभन्दा हिजबुल्लाहको निशस्त्रीकरण र दीर्घकालीन शान्ति सम्झौतामा जोड दिए ।

यता, अमेरिकाद्वारा इरानी बन्दरगाहहरूमा गरिएको नाकाबन्दी र त्यसप्रति इरानको कडा प्रतिक्रिया दिने चेतावनीले विश्व अर्थतन्त्रमा समेत प्रभाव पार्न थालेको छ। यसले तेल आपूर्ति र समुद्री मार्गहरू, विशेषगरी होर्मुज जलडमरूमध्य, जोखिममा पर्ने चिन्ता बढाएको छ।

अन्तर्राष्ट्रिय स्तरमा पनि कूटनीतिक पहल तीव्र भएका छन् । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले चीनलाई विश्वस्तरीय वार्ताकारको भूमिकामा अझ सक्रिय हुन आग्रह गरेका छन् । चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटपछि उनले इरान र युक्रेनजस्ता द्वन्द्व समाधानमा चीनको भूमिका निर्णायक हुन सक्ने धारणा व्यक्त गरे। जर्मनीका चान्सलर फ्रेडरिक मर्जले पनि इजरायल-लेबनान प्रत्यक्ष वार्तालाई समर्थन गर्दै दक्षिण लेबनानमा शत्रुता अन्त्य गर्न आह्वान गरेका छन्। साथै, उनले अमेरिका-इरानबीच कूटनीतिक सहमति कायम गर्नुपर्नेमा जोड दिएका छन् ।

यसैक्रममा, चीनले मध्यपूर्वमा दीर्घकालीन शान्तिका लागि चार बुँदे प्रस्ताव अघि सारेको छ, जसमा सार्वभौमसत्ताको सम्मान, अन्तर्राष्ट्रिय कानूनको पालना र शान्तिपूर्ण सहअस्तित्वलाई प्राथमिकता दिइएको छ ।

कूटनीतिक प्रयासहरू बढेसँगै विश्व बजारमा पनि प्रभाव देखिएको छ । अमेरिका-इरान वार्ता अगाडि बढ्ने अपेक्षाले तेलको मूल्य घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ ।

# मंगलबारदेखि नयाँ वर्ष २०८३ मा प्रवेश मुलुक प्रवेश गरेको छ । यससंगै मधेश प्रदेशमा सम्पन्न भएको वि.सं. २०८२ मा अनेकौं राजनीतिक उथलपुथल भएको छ

विभिन्न राजनीतिक, सामाजिक, आर्थिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण घटनाहरूले भरिएको वर्षका रूपमा रहेको देखिन्छ । यस वर्षमा प्रदेशको सत्ता राजनीतिदेखि ध्रुवीकरणसम्म, समग्र विकास, स्थायित्व र जनजीवनसंग सम्बन्धित थुप्रै विषयहरू चर्चामा रहेको पाइएको छ । सबैभन्दा पहिले राजनीतिक क्षेत्रमा उल्लेखनीय गतिविधिहरू भएको छ। प्रदेश सरकारमा नेतृत्व परिवर्तन, मन्त्रिपरिषद् पुनर्गठन र दलहरूबीचको शक्ति संघर्षले दलीय रुपमा तीव्र गतिमा ध्रुवीकरण भएको वर्षको रुपमा नै चर्चा भयो । सत्ता समीकरणमा पटक-पटक भएको फेरबदलले शासन व्यवस्थामा अस्थिरता देखियो । जसको प्रभाव विकास योजनाहरूको कार्यान्वयनमा पनि परेको थियो ।



यसका साथै स्थानीय तहहरूसंगको समन्वय र सहकार्य अभावका कारण कतिपय कार्यक्रमहरू अपेक्षित रूपमा अघि बढ्नै सकेन। ०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पहिलो पटक मधेश केन्द्रित दलहरू विलयको अवस्थामा पुगेको छ भने मधेशमा संगठन नै नभएको राष्ट्रिय स्वतन्त्र पार्टीको एकल वर्चश्व कायम भएको छ।

मधेश प्रदेशको ३२ सिटमध्ये ३० सिटमा एक्लौटी रुपमा रास्वपाले जितेको छ। मधेश प्रदेशमा जेन- जी आन्दोलनको क्रममा जनमत पार्टीबाट रहेका तत्कालीन मुख्यमन्त्री सतीश कुमार सिंह नेतृत्वको सरकार ढल्यो भने नेकपा एमालेका सरोजकुमार यादवको नेतृत्वमा करिब २५ दिनसम्म प्रदेश सरकार रह्यो । तर यादव नेतृत्वको सरकारले प्रदेशसभाबाट विश्वासको मत लिन नसक्दा स्वत: एमाले सरकार ढल्यो र तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टीका जितेन्द्र सोनलको नेतृत्वमा प्रदेश सरकार बन्यो ।

तर तत्कालीन नेकपा माओवादी केन्द्रमा देखिएको आन्तरिक किचलोको शिकार सोनल भएसंगै सत्ता पनि ढल्यो । त्यसपछि नेपाली कांग्रेसका कृष्ण प्रसाद यादव नेतृत्वको सरकार बन्यो। जुन अहिलेसम्म निरन्तरता पाएको छ । यससंगै रामचन्द्र मण्डलमाथि विभिन्न प्रश्न उठाउँदै उनलाई सभामुख पदबाट हटायो भने सो पदमा राम अशिष यादवलाई विराजमान गरियो । भने अर्कोतर्फ प्रदेश प्रमुखमा पनि डा. सुरेन्द्र लाल कर्णलाई नियुक्ति गरियो। त्यस्तै मधेशमा संगठन नै नभएको राष्ट्रिय स्वतन्त्र पार्टीको एकल वर्चश्व कायम भएको छ।

मधेश प्रदेशको ३२ सिटमध्ये ३० सिटमा एक्लौटी रुपमा रास्वपाले जितेको छ । यससंगै मुलुकको प्रधानमन्त्री मधेशी मूलका बालेन्द्र साह छन् । त्यस्तै सामाजिक क्षेत्रमा नागरिकता, शिक्षा र स्वास्थ्यसंग सम्बन्धित मुद्दाहरू प्रमुख बन्यो । विशेषगरी नागरिकता समस्या मधेशका बासिन्दाका लागि झनै संवेदनशील विषयका रूपमा देखा परेको छ । अधिकांश युवा नागरिकता अभावकै कारण उच्च शिक्षा, रोजगारी र वैदेशिक अवसरबाट वञ्चित भएको गुनासो गर्दै सडक आन्दोलनमा उत्रिनु परेको थियो ।

शिक्षा क्षेत्रमा विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, शिक्षक अभाव तथा गुणस्तरीय शिक्षाको प्रश्न उठिरह्यो भने स्वास्थ्य क्षेत्रमा अस्पतालहरूको सेवा विस्तार भए पनि गुणस्तरमा अझै चुनौती देखियो। त्यस्तै आर्थिक क्षेत्रमा कृषि नै मुख्य आधार बनेको मधेशमा मल, बीउ तथा सिचाइँको समस्या वर्षभरि नै देखियो ।

किसानहरूले समयमा मल नपाएको गुनासो गरेका थिए । जसका कारण उत्पादनमा असर परेको थियो । तर केही स्थानमा आधुनिक कृषि प्रविधिको प्रयोग र सहकारीमार्फत गरिएको पहलले सकारात्मक संकेत पनि देखायो। साना तथा मझौला उद्योगहरूको विकासमा अपेक्षाकृत प्रगति कम भए पनि व्यापारिक गतिविधि भने सीमा नाकाहरूका कारण सक्रिय नै रह्यो । यस वर्षको अन्त्यसंगै महँगी, पेट्रोलियम पद्धार्थको मूल्यवृद्धि, सवारीसाधनको भाडावृद्धिलगायतका दैनिक उपभोग्यजन्य सामग्रीले सर्वसाधारणको ढाड सेक्न कुनै पनि कसर नछाडेको टिप्पणी स्थानीय युवा मनोज साहले गरे । त्यसैगरी पूर्वाधार विकासका क्षेत्रमा सडक, पुल तथा सिचाइँ आयोजनाहरू सञ्चालनमा रह्यो। केही ठूला सडक आयोजना सम्पन्न भए पनि अधिकांश आयोजना ढिलाइका कारण आलोचनाको विषय बन्यो।

वर्षायाममा बाढी र डुबानको समस्या फेरि पनि दोहोरियो, जसले सडक तथा बस्तीहरूमा क्षति पुऱ्यायो। यसले दीर्घकालीन समाधानका लागि प्रभावकारी योजना आवश्यक रहेको देखियो ।

त्यस्तै प्राकृतिक विपद् मधेश प्रदेशका लागि वि.सं. २०८२ मा पनि प्रमुख चुनौती बन्यो । वर्षायाममा आएको बाढी, डुबान र नदी कटानका कारण हजारौं परिवार प्रभावित भए। कृषि जमिन डुबानमा पऱ्यो र जनधनको क्षति भयो । सरकार तथा विभिन्न संघसंस्थाहरूले राहत तथा पुनर्स्थापनाका काम गरे पनि दीर्घकालीन व्यवस्थापन अझै अपर्याप्त देखियो ।

त्यस्तै सांस्कृतिक तथा सामाजिक सद्भावका दृष्टिले भने मधेश प्रदेशमा विभिन्न पर्वहरू धूमधामका साथ मनायो । मिथिला संस्कृति, भाषा र परम्परालाई संरक्षण गर्ने प्रयासहरू पनि भयो । विभिन्न सांस्कृतिक कार्यक्रम, महोत्सव तथा मेलाहरूले स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुऱ्याएका थिए ।

२०८२ साल मधेश प्रदेशका लागि चुनौती र सम्भावनाहरू दुबै लिएर आएको वर्ष रह्यो । राजनीतिक अस्थिरता, सामाजिक समस्या र प्राकृतिक विपद् का बाबजुद पनि विकासका केही प्रयासहरू अघि बढेका देखिन्छन् ।

आगामी दिनहरूमा स्थिर शासन, प्रभावकारी नीति कार्यान्वयन र जनसहभागिता बढाउन सके मधेशको समग्र विकास अझ तीव्र रूपमा अघि बढ्न सक्ने आशा गर्न सकिन्छ ।

सँम्भार: ईजनकपुर टुडे

## फेटा गाउँपालिका द्धारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा

## महिनामा.....

भुक्तानीमा प्रयोग भएको हो ।

आम्दानीतर्फ समीक्षा अवधिसम्म सरकारको कुल राजस्व तथा अन्य आय गरी नौ खर्ब सात अर्ब रुपैयाँ संकलन भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार राजस्व संकलन लक्ष्यअनुसार सन्तोषजनक देखिए पनि खर्च संरचनाको असन्तुलनले समग्र अर्थतन्त्रमा चुनौती थपेको विश्लेषण गरिएको छ। विशेषज्ञहरूका अनुसार प्रत्येक वर्षजस्तै यस वर्ष पनि विकास बजेट खर्च सुस्त रहनु चिन्ताजनक पक्ष हो । योजना छनोटमा ढिलाइ, ठेक्का प्रक्रिया जटिल हुनु, कार्यान्वयन क्षमताको कमी तथा समन्वय अभावजस्ता कारणले पुँजीगत खर्च प्रभावकारी हुन नसकेको उनीहरूको भनाइ छ। समयमै योजना कार्यान्वयन र खर्च क्षमता वृद्धि गर्न नसके विकास लक्ष्य हासिल गर्न कठिन हुने अर्थविद्हरूको चेतावनी छ। उनीहरूले बजेट कार्यान्वयन प्रणालीमा सुधार, जिम्मेवारी निर्धारण र अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

## प्रधानमन्त्री........

क्षेत्रलाई प्रोत्साहन गर्ने र डिजिटल अर्थतन्त्रलाई प्राथमिकतामा राख्ने नीति पनि प्रस्ताव गरिएको छ ।

सरकारले भ्रष्टाचारविरुद्ध 'शून्य सहनशीलता' को नीति अवलम्बन गर्ने घोषणा गरेको छ । वि.सं. २०४६ पछि सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने योजना मस्यौदामा उल्लेख छ, जसलाई ऐतिहासिक कदमका रूपमा हेरिएको छ । यस्तै, निजामती प्रशासनलाई राजनीतिमुक्त बनाउन कर्मचारीभित्रका दलीय ट्रेड युनियन खारेज गर्ने र नियुक्ति तथा बढुवामा पूर्ण रूपमा योग्यता प्रणाली (मेरिटोक्रेसी) लागू गरिने प्रतिबद्धता जनाइएको छ ।

ऊर्जा क्षेत्रमा आगामी दशकभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । बूढीगण्डकी र दूधकोशीजस्ता ठूला जलाशययुक्त आयोजनालाई प्राथमिकता दिइनेछ। कृषि क्षेत्रमा किसान क्रेडिट कार्ड लागू गर्ने, योगदानमा आधारित किसान पेन्सन सुरु गर्ने तथा बाँझो जमिन चक्लाबन्दी गर्ने कार्यक्रम अघि सारिएको छ । शिक्षातर्फ 'सिक्दै कमाउँदै' मोडेल कार्यान्वयन गरिनेछ भने स्वास्थ्य क्षेत्रमा कुल बजेटको हिस्सा ८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ ।

सरकारले सन् २०२७ लाई 'राष्ट्रिय आरोग्य वर्ष'का रूपमा मनाउने घोषणा गरेको छ । साथै पाँच वर्षभित्र पर्यटकको औसत खर्च दोब्बर बनाउने लक्ष्य निर्धारण गरिएको छ ।

'नेपाल प्रथम: नेपाली प्रथम' अवधारणाअन्तर्गत गैरआवासीय नेपाली (ल्चल) हरूका लागि नागरिकताको निरन्तरता सुनिश्चित गर्ने तथा उनीहरूको लगानी आकर्षित गर्न 'डायस्पोरा बण्ड' जारी गर्ने योजना पनि मस्यौदामा समावेश गरिएको छ । सरकारले सरोकारवालाबाट प्राप्त सुझावका आधारमा मस्यौदालाई परिमार्जन गरी अन्तिम रूप दिने जनाएको छ। बहुआयामिक सुधार र आर्थिक रूपान्तरणको लक्ष्यसहित ल्याइएको यो प्रतिबद्धता पत्र कार्यान्वयनमा कत्तिको सफल हुन्छ भन्ने विषय भने आगामी दिनमा परीक्षण हुने देखिएको छ ।

### नेपाल सरकार
### भुमि ब्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
### भुमी ब्यवस्थापन तथा अभिलेख बिभाग
### भुमि सुधार तथा मालपोत कार्यलय
### सिमरौनगढ बारा

**विषय:- हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त श्री मुखा ठाकुर हजामको नाती श्री दिपा ठाकुर हजाम गा.बि.स.पकडिया वडा न ४हाल पचरौता न.पा.वडा न ६ बस्ने श्री शिवकली हजामिन र निरेखन ठाकुर हजामले तपसिल बमोजिमको कित्ता जग्गा नामसारी, दाखिल खारिज, श्रेस्ता अध्यावधिक संशोधन गरी पाउँ भनी माँग गर्नु भएको हुँदा उल्लेखित जग्गा निज निवेदकको हो / होईन को कसको हक भोग चलन भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ? हकदारहरू के कति छन् ? माँग निवेदनको जग्गा सरकारी,सार्वजनिक प्रकृतिको वा गुठी आदि भित्र पर्ने जग्गा हो / हैन ? माँग निवेदन बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारिज संशोधन र श्रेस्ता अध्यावधिक गरी दिँदा अन्य कोही कसैलाई कुनै व्यहोराबाट फरक पर्छ / पर्दैन ? सो जग्गामा अन्य कोही कसैले कुनै व्यहोराबाट यस अगाडि दर्ता सम्बन्धी निवेदन दिए नदिएको के छ ? सो समेत यकिनका लागि हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । माँग निवेदनको जग्गा दर्ता, नामसारी,दाखिल खारिज, संशोधन र श्रेस्ता अध्यावधिक गर्न नमिल्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरबाजुर गर्न आउनुहुन जानकारी गराईन्छ ।

**तपसिल**

| गा.बि.स. | वार्ड नं. | किता नं. | ज. बि. | ज. ध. |
|---|---|---|---|---|
| पकडिया | ३ | १५ | ०-४-० | दिपा ठाकुर हजाम |
| पकडिया | ३ | १६३ | ०-१-० | |
| पकडिया | ३ | १७१ | ०-०-९-० | |
| पकडिया | ४गा | ७ | ०-०-१० | |
| पकडिया | ४ गा | ३४ | ०-०-८-० | |

यसमा पचरौता न.पा.वडा न.६ को च.न.६११ मिती २०८२/११/१२को किटानी सिफारिस सकल प्रमाण पुर्जा रसिद नागरिकता मृत्युदर्ता प्रमाणपत्र समेतको अधारमा निज जग्गा धनी मिती २०५७/२/१० गते आफ्नो कालगती प्रलोक भए पछि निजको हक खाने निजका एक मात्र पत्नी प्रम्जितिया हजामिन पनि मिती २०३२ सालमा प्रलोक भएपछि निजहरुको दामप्तय जीवन बाट दुई ओटा छोराहरु मध्ये जेठो राम अगिया ठाकुर हजाम पनि मिती २०८०/११/२२गते प्रलोक भएपछि निजको हक खाने निजको पत्नी शिवकलिया हजामिन र ज.ध.को कान्छो छोरा नीरखेन ठाकुर हजामले नामसारी माग दाबी गरेको हो ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# वीरगंज जेसीजको ‘जेसीज सप्ताह’ सुरू, शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न

*वीरगंज, ०१ बैशाख*

वीरगंज जेसीजले सप्ताहव्यापी कार्यक्रम “जेसीज सप्ताह” को पहिलो कार्यक्रमका रूपमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ । नयाँ वर्ष २०८३ को अवसर पारेर आयोजित उक्त कार्यक्रम संस्थाको सचिवालय प्राङ्गणमा सम्पन्न भएको हो । वीरगंज जेसीज का वर्ष २०२६ का अध्यक्ष जेसी रविन्द्र श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थापक अध्यक्ष तथा जेसीआई सिनेटर पशुपति विक्रम शाह प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा जेसी मधु राणा, जेसी उषा शाह, सिनेटर निशान कुमार लामिछाने, सिनेटर गणेशमान श्रेष्ठ तथा सिनेटर सन्तोष खनाल लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । उपस्थित अतिथिहरूले नयाँ वर्ष २०८३ को अवसरमा एक-आपसमा शुभकामना आदान-प्रदान गर्दै समाजिक एकता र सकारात्मक सोचको आवश्यकता औंल्याएका थिए ।




प्रमुख अतिथि जेसीआई सिनेटर पशुपति विक्रम शाहले शुभकामना व्यक्त गर्दै देश तथा विदेशमा शान्ति, स्थिरता र समृद्धिको कामना गर्नुभयो । उहाँले वर्तमान सामाजिक, आर्थिक तथा राजनीतिक अवस्था क्रमशः सुधार हुँदै जाने विश्वास व्यक्त गर्दै युवाहरूको सक्रियता नै परिवर्तनको आधार हुने धारणा राख्नुभयो ।

कार्यक्रमको संयोजन संस्थाका उपाध्यक्ष जेसी रोशन दास थारुले गर्नुभएको थियो भने सञ्चालन सह-महासचिव जेसी अंकिता कुशवाहाले गर्नुभएको थियो । आयोजकका अनुसार “जेसीज सप्ताह” अन्तर्गत आगामी दिनहरूमा सामाजिक, शैक्षिक तथा नेतृत्व विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

# एक महिनाभित्र एसईई नतिजा सार्वजनिक गर्ने तयारी तीव्र

*काठमाडौं, ०१ बैशाख*

राष्ट्रिय परीक्षा बोर्ड ले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजा एक महिनाभित्र सार्वजनिक गर्ने लक्ष्यसहित तयारी तीव्र पारेको जनाएको छ ।

बोर्डका अनुसार आगामी २९ वैशाखभित्र नतिजा सार्वजनिक गर्ने उद्देश्य राखी हाल उत्तरपुस्तिका संकलन, परीक्षण विवरण प्रमाणीकरण तथा मार्कस्लिप इन्ट्री गर्ने कार्य तीव्र रूपमा अघि बढाइएको छ । परीक्षा नियन्त्रक टुकराज अधिकारी ले विभिन्न जिल्लाबाट उत्तरपुस्तिका आउने क्रम जारी रहेको र प्राप्त सामग्रीलाई व्यवस्थित रूपमा इन्ट्री गरिँदै आएको जानकारी दिएका छन् ।

गत चैत १९ देखि २९ गतेसम्म देशभर सञ्चालन भएको एसईई परीक्षा यसपटक नयाँ अभ्यासअनुसार परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिएको थियो । परीक्षण सम्पन्न भएका उत्तरपुस्तिका र मार्कस्लिपहरू बोर्डमा पठाइने क्रम जारी रहेको छ। हालसम्म केही जिल्लाबाट सामग्री आइसकेको छ भने बाँकी जिल्लाबाट आउने क्रम जारी रहेको बोर्डले जनाएको छ ।




नतिजा समयमै सार्वजनिक गर्न बोर्डले आन्तरिक व्यवस्थापनलाई सुदृढ बनाएको छ । बोर्डमा ३० जना कर्मचारी खटाइएकोमा १७ जना इन्ट्री कार्यमा मात्र संलग्न रहेका छन् । बिदाका दिनमा समेत कर्मचारीहरू परिचालन गरी तोकिएको समयमै नतिजा प्रकाशन गर्ने तयारी भइरहेको जनाइएको छ ।

ढिलो नतिजाका कारण विद्यार्थीमा पर्ने मानसिक तनावलाई ध्यानमा राख्दै सरकारले छिटो नतिजा सार्वजनिक गर्न निर्देशन दिएको थियो । सोही निर्देशनअनुसार बोर्डले त्रुटिरहित र समयमै नतिजा प्रकाशन गर्ने लक्ष्य राखेको छ ।

यस वर्ष एसईई परीक्षाका लागि ५ लाखभन्दा बढी विद्यार्थीले आवेदन दिएका थिए। तीमध्ये नियमिततर्फका साथै ग्रेड वृद्धिका लागि सहभागी भएका विद्यार्थीहरू पनि समावेश छन् । नतिजा प्रकाशनसँगै विद्यार्थीको शैक्षिक भविष्य निर्धारण हुने भएकाले बोर्डले सम्पूर्ण प्रक्रिया सावधानीपूर्वक अघि बढाइरहेको जनाएको छ ।

# भारतीय सहयोगमा विद्यालय तथा पुस्तकालय भवन निर्माण सुरू

*पर्सा, ०१ बैशाख*

पोखरिया नगरपालिका-६ मा अवस्थित श्री महेन्द्री पद्म माध्यमिक विद्यालयको विद्यालय तथा पुस्तकालय भवन निर्माणका लागि शिलान्यास गरिएको छ। उक्त परियोजनाले स्थानीय शैक्षिक पूर्वाधार सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

निर्माण कार्यको शिलान्यास भारतीय महावाणिज्य दूतावास, वीरगञ्ज की महावाणिज्यदूत देवी सहाय मीनाक्षी तथा पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न प्रसाद चौहान ले संयुक्त रूपमा गरेका हुन् ।

भारत सरकारको आर्थिक सहयोगमा करिब ६५.३ मिलियन नेपाली रुपैयाँको लागतमा निर्माण हुन लागेको यस परियोजनाअन्तर्गत तीनतले शैक्षिक भवन, प्रशासनिक भवन, गेट तथा गार्ड हाउस, शौचालय, सीमापर्खाल, भौतिक पूर्वाधार र विद्युत् जडानजस्ता संरचना निर्माण गरिनेछ। साथै, कक्षा कोठा, पुस्तकालय, कम्प्युटर प्रयोगशाला तथा विज्ञान प्रयोगशालासहितका आधुनिक शैक्षिक



सुविधा उपलब्ध गराइने जनाइएको छ । यो परियोजना उच्च प्रभाव सामुदायिक विकास परियोजना (जक्ष्क्ष्मए) अन्तर्गत सञ्चालन हुने बताइएको छ, जसले स्थानीय स्तरमा प्रत्यक्ष प्रभाव पार्ने विकास गतिविधिलाई प्राथमिकता दिने गर्दछ ।

शिलान्यास कार्यक्रममा पोखरिया नगरपालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । वक्ताहरूले भारत सरकारद्वारा प्रदान गरिएको सहयोगप्रति आभार व्यक्त गर्दै यस परियोजनाले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका थिए।

छिमेकी मित्रराष्ट्र भारत र नेपाल बीच शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायतका क्षेत्रमा निरन्तर सहकार्य हुँदै आएको सन्दर्भमा यस्ता परियोजनाहरूले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै स्थानीय विकास प्रयासलाई समेत गति दिने अपेक्षा गरिएको छ ।

# सरकारी सेवामा २५% नयाँ जनशक्ति भित्र्याउने लक्ष्यः पाँच वर्षे राष्ट्रिय प्रतिबद्धता

*काठमाडौं, ०१ बैशाख*

सरकारले आगामी पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याउने योजना अघि सारेको छ। शासकीय सुधारलाई प्राथमिकता दिँदै तयार पारिएको राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा यस्तो व्यवस्था समावेश गरिएको हो ।

गत निर्वाचनपछि राष्ट्रिय दलको मान्यता प्राप्त गरेका ६ राजनीतिक दलका घोषणापत्रसमेतलाई आधार बनाएर तयार गरिएको उक्त मस्यौदाले निजामती सेवामा व्यापक सुधारको खाका प्रस्तुत गरेको छ । मस्यौदाअनुसार नतिजामूलक प्रशासन सुनिश्चित गर्न स्पष्ट कार्यसम्पादन सूचकाङ्क, नियमित मूल्याङ्कन प्रणाली, पदोन्नति तथा वृत्ति विकासका अवसरहरू सुनिश्चित गरिने उल्लेख छ । साथै, यससम्बन्धी आवश्यक कानुन पनि जारी गरिने जनाइएको छ । कर्मचारीको सेवा-सुविधामा समेत पुनर्संरचना गर्ने योजना अघि सारिएको छ। हाल प्रदान गरिँदै आएका असङ्गत




भत्ता तथा अतिरिक्त सुविधाको सट्टा आधारभूत तलबलाई समयानुकूल र व्यवस्थित रूपमा परिमार्जन गरिने उल्लेख गरिएको छ ।

सेवाग्राहीमैत्री प्रशासनलाई जोड दिँदै मस्यौदाले सरकारी सेवा लिन नागरिकले कार्यालय धाउनुपर्ने, अनावश्यक मध्यस्थता सहनुपर्ने तथा कर्मचारीसँग प्रत्यक्ष भेट गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

त्यसैगरी, परम्परागत कागजी प्रक्रिया र झन्झटिला तहगत टिप्पणी प्रणालीलाई चरणबद्ध रूपमा अन्त्य गर्दै डिजिटल प्रणालीमा रूपान्तरण गरिने योजना पनि समेटिएको छ। सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र उत्तरदायी बनाउन ‘टाइम कार्ड’ प्रणाली लागू गरिने उल्लेख गरिएको छ ।

सरकारको यो पहलले प्रशासनिक सुधार, पारदर्शिता तथा सेवाप्रवाहमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

# नौ महिनामा ५४% मात्र बजेट खर्च, विकास खर्च अत्यन्तै कमजोर

*काठमाडौं, ०१ बैशाख*

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो नौ महिनामा सरकारले कुल विनियोजित बजेटको करिब ५४ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार १९ खर्ब ६४ अर्ब रुपैयाँको कुल बजेटमध्ये चैत मसान्तसम्म १० खर्ब ५९ अर्ब रुपैयाँ खर्च भएको छ ।

सरकारी खर्च संरचनामा चालु खर्चको हिस्सा उच्च रहेको देखिएको छ। चालु शीर्षकअन्तर्गत छुट्याइएको ११ खर्ब ८० अर्बमध्ये ७ खर्ब ४७ अर्ब रुपैयाँ खर्च भइसकेको छ, जुन कुल चालु बजेटको ठूलो अंश हो । यस्तो खर्च नियमित प्रशासनिक तथा सञ्चालन कार्यमा केन्द्रित हुने भएकाले दीर्घकालीन सम्पत्ति निर्माणमा प्रत्यक्ष योगदान गर्दैन ।

तर विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च भने निकै कमजोर




देखिएको छ । चार खर्ब सात अर्ब रुपैयाँ विनियोजन गरिएको पुँजीगत बजेटमध्ये चैतसम्म मात्र ९६ अर्ब १९ करोड रुपैयाँ खर्च भएको छ, जुन कुल विनियोजनको २३.५८ प्रतिशत मात्र हो। यसले पूर्वाधार निर्माण, सडक, पुल, अस्पताल तथा जलविद्युतजस्ता महत्वपूर्ण परियोजनाहरूको प्रगति सुस्त रहेको संकेत गर्छ ।

सार्वजनिक ऋण व्यवस्थापनतर्फ भने खर्च उल्लेख्य देखिएको छ । यस शीर्षकमा छुट्याइएको तीन खर्ब ७५ अर्बमध्ये दुई खर्ब १६ अर्ब रुपैयाँ चैतसम्म भुक्तानी भइसकेको छ। उक्त रकम पुराना ऋणको साँवा तथा ब्याज

बाँकी तेश्रो पृष्ठमा

# प्रधानमन्त्री वालेन्द्र शाहद्वारा ‘राष्ट्रिय प्रतिबद्धता’ मस्यौदा सार्वजनिक, पाँच वर्षभित्र आर्थिक रुपान्तरणको लक्ष्य

*काठमाडौं, ०१ बैशाख*

वालेन्द्र शाह नेतृत्वको सरकारले देशको दीर्घकालीन विकास दिशा तय गर्ने उद्देश्यसहित महत्त्वाकाङ्क्षी ‘राष्ट्रिय प्रतिबद्धता’ मस्यौदा पत्र सार्वजनिक गरेको छ । फागुन २१ गते सम्पन्न निर्वाचनबाट राष्ट्रिय मान्यता प्राप्त ६ राजनीतिक दलका घोषणापत्र र प्रतिबद्धताहरूलाई समेट्दै तयार पारिएको उक्त दस्तावेजले शासकीय सुधारदेखि आर्थिक रूपान्तरणसम्मका बहुआयामिक योजना अघि सारेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मस्यौदामाथि आगामी वैशाख १० गतेभित्र राजनीतिक दल, निजी क्षेत्र तथा सरोकारवालाबाट सुझाव माग गरेको जनाएको छ । शासकीय सुधार कार्यसूचीअन्तर्गत तयार गरिएको यो प्रतिवेदनले दलीय एजेन्डालाई सरकारी स्वामित्वमा ल्याई वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग



प्रत्यक्ष आबद्ध गर्ने लक्ष्य राखेको छ। कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालय मातहत छुट्टै संयन्त्र स्थापना गरिने उल्लेख गरिएको छ ।

मस्यौदाले आगामी पाँच वर्षभित्र नेपाललाई मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । यसअन्तर्गत वार्षिक औसत ७ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने, प्रतिव्यक्ति आय ३ हजार अमेरिकी डलर पुऱ्याउने तथा कुल गार्हस्थ्य उत्पादन (न्मए) लाई १०० अर्ब डलरको हाराहारीमा पुऱ्याउने योजना अघि सारिएको छ। लगानी वातावरण सुधार गर्न १० वर्षसम्म कर दर स्थिर राख्ने, निजी

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका